# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४४११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


पत्र संख्या :- २०८०/०८१ मिति : २०८०/०४/११

चलानी नं. : ६२

**मानसिक समस्या भएका बिरामीहरूको नि.शुल्क उपचार हुने सूचना !**

(प्रकाशन मिति २०८०/४/११ )

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आयोजना र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र, नेपाल (CMC Nepal) को आर्थिक तथा प्राबिधिक सहयोगमा मानसिक तथा मनोसामाजिक समस्या भएका बिरामीहरुका लागि नि:शुल्क चेकजाँच र उपचार गर्ने कार्यक्रम रहेकोले तपसिलका लक्षण भएका बिरामिहरू तोकिएको मिति, स्थान र समयमा उपस्थित भइ सेवा लिनसक्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लक्षणहरू**

- लामो समयदेखि टाउँको दुख्ने
- मनमा दिक्क लाग्ने तथा टोलाउने
- छटपट्टी हुने
- एक्लोपना महसुस हुने
- काममा जाँगर नलाग्ने
- बढी शङ्का गर्न मन लाग्ने
- मनमा बढी डर उत्पन्न हुने
- पटकपटक आत्माहत्याको सोच आउने वा प्रयास गर्ने
- पटकपटक बेहोस हुने

**डाक्टर आउने मिति,स्थान र समय**

मिति : २०८० साउन १४ गते आइतबार ।

स्थान : शहिद स्मृति नगर अस्पताल चौरजहारी नगरपालिका १० रुकुम पश्चिम

समय : बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म ।

सीता थापा
नि. प्रमुख प्रशासकीय अधिकृत

सिता थापा
प्रशासकीय अधिकृत